# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल ।

प. सं.:-२०८३/०८४ मिति: २०८३/०६/०२

च. नं.:-२६६ ने. सं.११४६ ञंलाथ्व सप्तमी

## विषयविज्ञ(रोष्टर)सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०२)

सूचना नं.१४/२०८३/०८४

थबाङ गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय/शैक्षिक संस्थाहरुमा प्रधानाध्यापक, करार शिक्षक, प्रशिक्षक विद्यालय कर्मचारी तथा अन्य आवश्यक जनशक्ति नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने परीक्षामा, प्रश्न पत्र निर्माण, परीमार्जन, उत्तरपुस्तिका परीक्षण, शिक्षक पेशागत सहयोग, नमुना शिक्षण, कक्षा अवलोकन लगायतका कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन शिक्षा नियमावली,२०५९(दशौ संशोधन सहित) नियम ९६ क (१) को उपनियम ६ मा भएको कानुनी व्यवस्था समेतको आधारमा विषयविज्ञहरुको (रोष्टर) तयार गर्नुपर्ने भएकोले तपसील बमोजिम योग्यता र अनुभव पुरा गरेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (प्रन्ध) दिन भित्र थबाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा भौतिक रुपमा उपस्थित भई वा गाउँपालिकाको इमेल ठेगाना thabangrm58@gmail.com निवेदन सहित उल्लेखित कागजातहरु पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसील:

(क) विज्ञका रुपमा सूचीकृत हुन आवश्यक योग्यता र शर्तहरु

१. आधारभूत तह कक्षा(१-८): शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण गरी सम्बन्धित तहमा कम्तीमा ३ वर्ष स्थायी सेवा अवधी पुरा गरेको ।
२. माध्यमिक तह कक्षा(९-१०): सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरह उतिर्ण गरी सम्बन्धित तहमा कम्तीमा ३ वर्ष स्थायी सेवा अवधि पुरा गरेको साथै प्राविधिक धार तर्फ सम्बन्धित विषयमा स्नातक गरी कम्तीमा ३ वर्ष सेवा अवधि पुरा गरेको ।
३. माध्यमिक तह कक्षा(११-१२): सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरी सम्बन्धित तहमा कम्तीमा ३ वर्ष स्थायी वा अस्थायी सेवा अवधि पुरा गरेको ।

(ख) निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:

१. विषयविज्ञ (रोष्टर) सूचीमा सूचीकृत हुन निवेदन
२. ब्यक्तिगत विवरण(बायोडाटा)
३. नेपाली नागरिकता प्रमाणपत्र
४. नियुक्ति पत्र तथा कार्य अनुभव खुल्ने प्रमाण
५. न्यूनतम शैक्षिक योग्यता र उच्चतम शैक्षिक उपाधीका प्रमाणपत्रहरु
६. अध्यापन अनुमति पत्र
७. स्थायी लेखा नम्बर (PAN) कार्ड
८. कार्यरत विद्यालयको सहमति पत्र
९. निवेदन साथ सूचीकृत शुल्क रु १०००/-(अक्षेरुपी एक हजार मात्र) रकम यस गाउँपालिकाको ग्लोबल आ. एम. ई. बैङ्क थबाङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं. २८५०४०१००००००९ मा दाखिला गरेको भौचर समावेश भएको हुनुपर्नेछ ।

गणेश वि.क.
प्रमुख प्रशासकीय अधिकृत

गणेश वि.क.
प्रमुख प्रशासकीय अधिकृत